थिइन् । एजेन्सी

# सिम्रौनगढ नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

सिम्रौनगढ, बारा
प्रदेश नं. २, नेपाल

## माछापोखरी शिलबन्दी बोलपत्र अव्हानको सूचना

**प्रथमपटक प्रकाशित मिति : २०७८/०१/२४ गते**

यस नगरपालिकाको अधिकार क्षेत्रमा पर्ने निम्न अनुसारका माछा पोखरीहरूलाई ठेक्का बन्दोवस्त गर्नु पर्ने भएकोले इच्छुक व्यक्ति, फर्म वा कम्पनीहरूबाट अफ्नो फर्मको नविकरण भएको प्रमाणपत्र मूल्यअभिवृधि कर दर्ता प्रमाण पत्र तथा करचुक्ता प्रमाणपत्र,उक्त कार्य गर्न योग्य भएको स्व.घोषणा पत्र पेश गरी निम्न शर्तहरूका अधिनमा रही स्थानीय सरकार संचालन ऐन २०७४ सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ एवं अन्य प्रचलित कानून बमोजिम शिलबन्दी बोलपत्र दाखिला गर्न यो सूचना प्रकाशित गरिएको छ।

| ठे.नं. | पोखरीको नाम | पोखरीको विवरण | न्यूत्तम ठेक्काअंक | बोलपत्रफारम दस्तुर (पछि फिर्ता नहुने) | ठेक्काअवधि |
|---|---|---|---|---|---|
| पो.१/२०७७/०७८ | देवापुर माछा पोखरी | गा.वि.स.देवापुर वार्ड नं. ५ कि.नं. ४९ को ज.वि. ४-८-५ | ३०,००,०००।- | ३०००।- | ठेक्का सम्झौता भएको मिति देखि ५ बर्ष सम्म |
| पो.२/२०७७/०७८ | इमलहिया माछा पोखरी | गा.वि.स.उचिडिह वार्ड नं.२ कि.नं. ४०८ ज.वि. १-०२-१० | ४,०००००।- | १०००।- | |
| पो.३/२०७७/०७८ | सतुआही माछा पोखरी | गा.वि.स.गोलागाज वार्ड नं.१ कि.नं.१४९ को ज.व.३-०५-१ | ३५,०००००।- | ३०००।- | |
| पो.४/२०७७/०७८ | खरसलवा माछा पोखरी | गा.वि.स. गोलागाज वार्ड नं.२ कि.नं.२२३,२२४को ज.वि.०-१२-१० | १,०५,०००।- | १०००।- | |
| पो.५/२०७७/०७८ | डबरी माछा पोखरी | गा.वि.स. कचोर्वा वार्ड नं.१ कि.नं. ४६१ को ज.वि.०-१२-० | १,०५,०००।- | १०००।- | |

**शर्तहरू:**

१. बोलपत्र फरम फाराम तल उल्लेखित दस्तुर (फिर्ता नहुने गरी) नगदै बुझाई नगदी रसिद साथै तथा संघ संस्था वा ठेकदारको हकमा नवीकरण भएको व्यवसाय इजाजत पत्र, आ.व. २०७५/०७६ सम्मको कर चुक्ता प्रमाण पत्र तथा मू.अ.क. दर्ता प्रमाण पत्रको प्रतिलिपि संलग्न राखी निवेदन दिई यो सूचना प्रकाशित भएको मितिले दरभाउ पत्रको हकमा ३० दिन कार्यालय समयभित्र यस कार्यालय बाट खरिद गर्न सकिनेछ।

२. बोलपत्र फरम खरिद गर्ने अन्तिम मितिको भोलि पल्ट १२:०० बजेसम्म यस कार्यालयमा दरभाउपत्र दर्ता गराउन सकिनेछ। समयभित्र प्राप्तशिल बन्दी दरभाउपत्रहरू, दरभाउपत्र दर्ता गर्ने अन्तिम दिन दिनको २:०० बजे दरभाउपत्र दाता स्वयं वा निजको प्रतिनिधि र कार्यालय प्रतिनिधिहरूको रोहवरमा खोलिनेछ। दरभाउपत्र दाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि दरभाउ पत्रखोल्न बाधा पर्ने छैन।

३. बोलपत्र फरम साथ ठेक्काको लागि आफुले कबोल गरेको रकमको ५ प्रतिशत धरौटी बापतको रकम यस कार्यालयको ग्लोबल आइ एम ई बैंक सिम्रौनगढमा रहेको Q64010000003 धरौटी खातामाजम्मा गरेको सक्कलै बैंक भौचर टेण्डर फारम संगै संग्न राखी पेश गर्नु पर्ने छ।

४. बोलपत्र फरम मा दररेट उल्लेख गर्दा अंक र अक्षर दुवैमा स्पष्ट उल्लेख गर्नु पर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएको मान्य हुनेछ।

५. बोलपत्र स्वीकृत भए पछि सूचना पाएको मितिले ७ दिनभित्र नियमानुसार पहिलो किस्ता रकम यस न.पा.को मूल खाता ग्लोबल आइ एम ई बैंक सिम्रौनगढमा रहेको Q64010000002 जम्मा गरी जम्मा गरेको रकमको सकल भौचर सहित र बैंक जमानत (परफरमेन्स बण्ड) वा सो मल्यको जग्गा दृष्टी बन्धक समेत आयकर,मूल्यअभिबृधि कर दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी साथै लिई सम्झौतागर्न आउनु पर्ने छ। सो अवधिभित्र सम्झौता गरी पट्टा नउठाएमा धरौटी रकम जफत गरीनेछ र दोश्रो बोलपत्र दाताको बोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा पुन: सूचना अव्हान गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।

६. नियमानुसार ठेक्का स्वीकृत भै बुझाउनु पर्ने कबोल अंक रकम एक मुष्ठ दाखिला गरेमा बढीमा १० प्रतिशत ले हुने रकम छुट दिई सम्झौता गरी स्थायी चलन पूर्जी पटा दिइने छ।

७. ठेकदारले आफूले कबोल गरेको कुल रकम ५ किस्तामा बुझाउनु पर्ने छ। पहिलो किस्ताको रूपमा आफूले कबोल गरेको कुल ठेक्का रकमको २० प्रतिशत रकम सम्झौता गर्ने समयमा नै बुझाउनु पर्नेछ। त्यस पछिको रकमलाई बराबर भाग लागाई चार किस्तामा बुझाउनु पर्नेछ। सो तिन किस्ताको पहिलो किस्ता रकम २०७८ साल असोज मसान्त भित्र, दोश्रो किस्ता बापतको रकम २०७९ साल अषाढ मसान्त भित्र, तेश्रो किस्ताबापतको रकम २०८० अषाढ मसान्त र अन्तिम किस्ता बापतको रकम धरैटी रकम मिन्हाहुने गरी २०८१ अषाढ मसान्तभित्र बुझाउनु पर्नेछ।

८. ठेकेदारले सम्झौता गर्दा पहिलो किस्ता बाहेक बुझाउन बाँकी रकमको यस कार्यालयको नाउमा ठेकदारको तर्फबाट जारी गरिएको बैंक जमानत (परफरमेन्स बण्ड) वा सो मल्यको जग्गा दृष्टी बन्धकगरे पछि ठेक्का सम्झौता गरी चलन पुर्जी दिनेछ।

९. ठेक्का सम्बन्धमा कुनै किसिमको बिबादको स्थिती स्वीकार्य हुने छैन। ठेक्का सम्बन्धमा कुनै किसिमको बिबादको स्थिती सृजना भएमा वा यस कार्यालय तथा ठेकदार बिच कुनै विवाद उत्पन्न भएमा प्रचलित कानुन ऐन नियमको परिधिभित्र रही यस न.पा. को निर्णय अन्तिम हुनेछ।

१०. पोखरी प्रयोग गर्दा सार्वजनिक, व्यक्तिगत सम्पतीको हानी नोक्सानी गर्न पाईने छैन। साथै केही बहुमूल्य बस्तू फेला परेमा नेपाल सरकारको हुनेछ। माछापालन गर्दा पोखरीको भैतिक संरचना बिगार्न पाइने छैन।

११. सम्मानित अदालत ,नेपाल सरकार ,न.पा.को निति निर्देशन तथा आदेशको पालना गर्नु गराउन र लागु गर्नु ठेकदारको कर्तव्य एवं दायित्व हुनेछ। निति निर्देशन वा आदालतको आदेशको पालनाको कारण बाट कुनै क्षति हानीनोक्सानी हुन गएमा सोको क्षतिपुर्तीको दावी ठेकेदारले न.पा. संग गर्न पाउने छैन।

१२. यसमा उल्लेख भएका कुराहरूमा सोही बमोजिम र यसमा उल्लेख नभएको कुराहरूको हकमा प्रचलितकानून बमोजिम हुनेछ।

**- प्रमुख प्रशासकीय अधिकृत**

Scanned with CamScanner